# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, कास्की, नेपाल

# पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०४ गते**

यस मन्त्रालय मातहत क्षयरोग उपचार केन्द्र, कास्की र स्वास्थ्य निर्देशनालय, कास्कीबाट स्वास्थ्य सेवा प्रवाह निरन्तरताको लागि देहायको पदमा गण्डकी प्रदेश **"सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९"** बमोजिम चालु आ.व. २०८०/०८१ को असार मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिलः**

| क्र.सं | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | माग पद निकाय |
|---|---|---|---|---|---|---|
| १ | २०/०८०-८१ | क्लिनिकल माइक्रोबायोलोजिष्ट | नवौं | क्लिनिकल/मेडिकल माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको । | १ (एक) | क्षयरोग उपचार केन्द्र, कास्की |
| २ | २१/०८०-८१ | आयुर्वेद चिकित्सक | आठौं | आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त गरेको । | १ (एक) | स्वास्थ्य निर्देशनालय, कास्की |
| ३ | २२/०८०-८१ | वैद्य | चौथो | SLC/SEE उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण गरेको । | २ (दुई) | |

**नोट**:

**१. दरखास्त फारामः यस मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित पद माग भएको निकायमा दरखास्त पेश गर्नु पर्नेछ।**

**२. दरखास्त पेश गर्ने निकाय : माग पद निकायमा।**

**३. दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी./एस.ई.ई. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि ३.क.मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्नेछ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रीत नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिएको पाइएमा कुनै पनि बेला दरखास्त रद्ध गर्न सकिनेछ ।

**४. काम गर्नुपर्ने स्थानः** गण्डकी प्रदेश भित्र ।

**५. दरखास्त दस्तुरः** नवौं तहको लागि रु.१,५००।- (एक हजार पाँच सय), आठौं तहको लागि रु.१,२००।- (एक हजार दुई सय) र चौथो तहको लागि रु.५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नु पर्नेछ ।)

क. **कार्यालयको नाम** : सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश ।

ख. **कार्यालयको कोड नं.** : ३५०००३९०१४

ग. **राजश्च शीर्षक नं.** : १४२२४ (परीक्षा शुल्क)

घ. **बैक खाता नं** : १०००१००२०००१०००० (सम्बन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- राष्ट्रिय वाणिज्य बैंक)

**६. दरखास्त दिने अन्तिम मिति** : २०८०/०९/१८ गते बुधवार कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ ।

**७. परीक्षाको किसिमः** अन्तरवार्ता ।

**८. तलबः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ ।

**९. अवधिः** चालु आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्म ।

**१०. उम्मेदवार हुनको लागि योग्यताः**

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. उमेरको हकमा सहायक तहको हकमा १८ वर्ष र अधिकृत तहको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ ।

**११.** अन्तरवार्ता मिति पछि प्रकाशन गरिनेछ ।

**१२.** अन्य जानकारीको लागि यस मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा हेर्नु हुन अनुरोध छ ।

**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**